स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गायिका शान्ति श्री परियार र गायक गौरव गिरीको स्वर रहेको "लजाउने हैछौनि भ्क बोलको गीत सार्वजनिक भएको छ । देउडा संकृतिमा आधारित गीतमा गायक गिरीकै शब्द एरेन्ज छ । गीतमा सुदूरपश्चिमकी मोडल मिस पविको अभिनय देख्न सकिन्छ । भिडियोमा मिस पविका अलावा दीपा शाही र राजेश नाथको पनि अभिनय छ। नुवाकोटका विभिन्न रमणीय स्थानमा छायांन गरिएको भिडियोमा वियोगको कथालाई कलात्मक शैलीमा निर्देशक देखाईको छ ।

**आजको विचार...**



शुद्ध.... (दुई पेजमा)

खगेन्द्रराज सिटौला



विश्वप्रसिद्ध कान्स फिल्म फेस्टिभलमा सहभागी हुन अभिनेता प्रदीप खड्का शनिबार राती फ्रान्स प्रस्थान गरेका छन्। उनी त्यहाङ कान्स मार्केट र एक फ्रान्सेली फिल्मको रेडकार्पेट प्रिमियरमा सहभागी हुनेछन्। उनी अभिनित फिल्म 'एक्लो' कान्स मार्केट (मार्चे दु फिल्म)मा सहभागी छ। स्टल खडा गरेर यो फिल्मका निर्देशक प्रदीप शाही र निर्माताहरु कान्स मार्केटमा छन्। यसबाहेक, थिएरी क्लिफा निर्देशित फ्रान्सेली भाषाको फिल्म 'ला फेम्मे ला प्लस रिच डु मोन्ड'को रेडकार्पेट र स्क्रिनिङमा उनी सहभागी हुनेछन्।

❒ वर्ष ३० ❒ अंक २९३ ❒ २०८२ जेठ ५ गते सोमबार 19 May 2025, Monday ❒ पृष्ठ संख्या ४ मूल्य रू ५/-

## पाल्पाका स्थानीय तहको बेरुजुमा सुधार

# अझै २० करोड ३८ लाख बेरुजु

# कुन पालिकामा कति ?

**रामचन्द्र रायमाझी**

**पाल्पा,** जेठ ४/पाल्पाका स्थानीय तहमा बेरुजुको अवस्था सामान्य सुधार भएको देखिएको छ । महालेखा परीक्षकको ६२ औं प्रतिवेदन अनुसार अघिल्लो आर्थिक वर्षको तुलनामा २०८०/८१ मा बेरुजुको अवस्थामा सामान्य सुधार देखिएको हो ।

बेरुजुमा सामान्य सुधार देखिए पनि बेरुजु भने अत्यन्त हुन सकेको छैन । महालेखा परीक्षकको कार्यालयले आर्थिक वर्ष २०८०/८१ मा गरेको लेखापरिक्षणमा जिल्लाका १० वटा पालिकाहरुमा २० करोड ३८ लाख ९४ हजार बेरुजु अझै देखिन्छ । अघिल्लो आव २०७९/०८० मा २७ करोड ९० लाख ९२ हजार बेरुजु थियो । जहाँ अहिले ७ करोड ५१ लाख ९८ हजारले कम हुन आएको छ । विगतमा यहाँका




स्थानीय तहको बेरुजुको अवस्था डरलाग्दो रहे पनि पछिल्ला वर्षहरुमा केही कम हुँदै गएको देखिन्छ । यहाँ आव २०७८/७९ मा ४१ करोड ३३ लाख १८ बेरुजु थियो । यसले जिल्लाका स्थानीय तहको बेरुजुको अवस्थामा केही सुधार हुँदै गएको देखिन्छ । सरकारी खर्च भए पनि स्रोत प्रमाणित हुन नसकेको हिसाबलाई महालेखा परीक्षक कार्यालयले बेरुजुका रुपमा राख्ने गर्छ । कुनै पनि कार्यालयमा बेरुजु देखिनु भनेको त्यहाँ वित्तीय अनुशासन कायम हुन नसक्नु हो । यसले सम्बन्धित कार्यालयमा अपारदर्शी तवरबाट आर्थिक क्रियाकलाप भइरहेको छ भन्ने प्रष्ट पार्दछ । महालेखा परीक्षकको कार्यालयले सार्वजकि गरेको आर्थिक वर्ष २०८०/८१ को वार्षिक प्रतिवेदन अनुसार १३ अर्ब ३३ करोड ६८ लाख ७ हजार लेखापरीक्षण भएकोमा २० करोड ३८ लाख ९४ हजार बेरुजु देखिएको छ । यो लेखापरीक्षण भएको कुल रकम मध्ये १४ दशमलव ४३ प्रतिशत हो । यहाँका दुई नगरपालिका र आठ गाउँपालिका रहेका छन् ।

**कुन पालिकाको कति छ बेरुजु**

रकमको आधारमा सबैभन्दा बढी बेरुजु तानसेन नगरपालिकाको देखिएको छ भने सबैभन्दा कम रैनादेवी छहरा गाउँपालिकाको देखिएको छ । सबैभन्दा बढी बेरुजु देखिएको तानसेनको ४ करोड ९५ लाख ८८ हजार अर्थात् २ दशमलव २९ प्रतिशत देखिएको छ भने सबैभन्दा कम रैनादेवीको ६२ लाख ३३ हजार अर्थात् ० दशमलव ४६ प्रतिशत देखिएको प्रतिवेदनमा उल्लेख छ । *-बाँकी अन्तिम पेजमा...*

**संक्षिप्त समाचार**

## हैदराबादमा आगलागी हुदाँ १७ को मृत्यु

**(रासस/एएफपी)**

**गाजा सिटी,** जेठ ४/हैदराबादको गुलजार हाउसमा रहेको भवनमा भएको आगलागीको प्रारम्भिक जाँचबाट कम्तीमा १७ जनाको ज्यान गएको घटनामा शर्ट सर्किटका कारण ठूलो आगलागी भएको देखिएको अग्नि विभागका एक अधिकारीले आइतबार बताएका छन् । 'प्रारम्भिक जाँचले कारण सर्ट सर्किट भएको देखाएको छ', तेलङ्गाना विपद् प्रतिक्रिया तथा अग्नि सेवाका महानिर्देशक वाई नागी रेड्डीले भने, 'सबै १७ जनाको मृत्यु धुवाँ फोक्सोमा गएकाले भएको हो, कसैलाई जलनका चोटहरू थिएन ।' गुलजार हाउस क्षेत्रमा कृष्णा पर्ल्स पसल र आवासीय परिसरमा आगलागीको घटना भएको थियो । रेड्डीका अनुसार अग्नि विभागले स्थानीय समयानुसार बिहान ६:१६ बजे कल प्राप्त गरेर ६:१७ बजे पर्याप्त कर्मचारीहरूसहित ११ वटा दमकल पठाएको थियो अग्नि विभागले मानिसहरूलाई बचाउन श्वासयन्त्र र अक्सिजन मास्कहरू प्रयोग गऱ्यो । 'प्राप्त जानकारी अनुसार १७ जनाको ज्यान बचाउन सकिएन' प्रारम्भिक परीक्षणले शर्ट सर्किट कारण रहेको देखाउँछ', उनले भने ।

## लुम्बिनीमा राजस्व संकलनसम्बन्धी विधेयक पारित




**दाङ,** जेठ ४/लुम्बिनी प्रदेशले राजस्व संकलन सम्बन्धी विधेयक पारित गरेको छ । प्रदेशको आर्थिक प्रशासनलाई थप पारदर्शी र प्रभावकारी बनाउने उद्देश्यसहित तयार गरिएको प्रदेश समायिक कर तथा राजस्व संकलनसम्बन्धी व्यवस्था गर्न बनेको विधेयक प्रदेशसभा बैठकले सर्वसम्मतिले पारित गरेको हो ।

लुम्बिनी प्रदेशसभाको छैटौं अधिवेशनको चौथो बैठकमा आइतबार आर्थिक मामिला तथा योजनामन्त्री धनेन्द्र कार्कीले विधेयक प्रस्तुत गरेका थिए । उनले लुम्बिनी प्रदेशसभा नियमावली, २०७९ को नियम १०९ को उपनियम (१) को खण्ड (क) बमोजिम विधेयकमाथि दफावार छलफलका लागि प्रस्ताव पेस गरेका थिए । छलफलका लागि कुनै सदस्यले नाम नटिपाएका कारण विधेयकलाई प्रत्यक्ष निर्णयार्थ प्रस्तुत गरिएको थियो ।सभामुख तुलाराम घर्ती मगरले बैठकमा जानकारी दिँदै विधेयकमाथि कसैले विपक्षमा मत नदिएको हुँदा सर्वसम्मतिले पारित भएको घोषणा गरेका थिए । यो विधेयकमार्फत अब प्रदेश सरकारले स्थानीय तहहरूसँग समन्वय गर्दै कर संकलन प्रणालीलाई एकीकृत, पारदर्शी र उत्तरदायी बनाउने कानुनी संरचना तयार गर्नेछ ।

## गुल्मीको कालीगण्डकीमा सिङ्गो गाउँ नै व्यावसायिक किबीखेतीमा

**तम्घास (गुल्मी),** जेठ ४/गुल्मीको कालीगण्डकी गाउँपालिकाका किसान किबीखेतीमा आकर्षित भएका छन् । वडा नं १ सिरकोटको सिङ्गो गाउँ नै व्यावसायिक किबीखेतीमा लागेको हो ।

मकैलगायत बाली लगाउँदा लागत बढी, उत्पादन र आम्दानी कम भएकाले किसान किबीखेतीमा लागेका हुन् । अहिले किबीको बजार राम्रो भएकाले किसानलाई व्यावसायिक खेतीमा लाग्न प्रेरित गरेको स्थानीय बताउँछन् । सिरकोटका १८ परिवारका नागरिकले अहिले २५० रोपनी क्षेत्रफलमा किबीखेती गरिरहेका छन् । त्यसमा छ हजार ४०० बिरुवा लगाइएको छ । स्थानीय लक्ष्मीपति न्यौपानेले आफ्नो बारीमा २०७७ सालमा एक हजार ४०० बिरुवा लगाए । पहिलो उत्पादनका रुपमा गत वर्ष उनले दुई लाख ५० हजारको किबी बिक्री गरे । यस वर्ष सात लाखको बिक्री गर्ने लक्ष्य राखेको उनले बताए । "गत वर्ष बिक्रीको सुरुको वर्ष थियो, यस वर्ष



४५ क्विन्टल फल्ने अनुमान छ", न्यौपानेले भने , "बिक्रीबाट प्राप्त भएको आम्दानीले घरखर्च राम्रै चलेको छ ।" रोजगारीको सिलसिलामा २०६१ सालमा भारत गएका उनी दुई वर्ष बसेर स्वदेश फर्किए । अहिले स्थानीय देउराली माध्यमिक विद्यालयमा अध्यापनसमेत गराउने उनले किबीका साथै एक हजार ४ सय सुन्तलाका बिरुवा लगाएका छन् । सोही गाउँमा गगन तरामुका ९०० तथा चन्द्रकला पाण्डेका ८०० किबीका बिरुवा छन् । गत वर्ष सिरकोटबाट मात्रै १० लाखको किबी निर्यात भएको छ । स्थानीय बजारमा फुटकर प्रतिकिलो ३०० र थोकमा प्रतिकिलो २०० मा बिक्री हुन्छ । औसत प्रतिकिलो २५० मा स्थानीय बजारका साथसाथै बुटबल, भैरहवासम्म पनि किबी बिक्री हुने गरेको उन्नतशील कृषि तथा फलफूल कृषक समूहका अध्यक्षसमेत रहेका पदमपाणि पाण्डेले जानकारी दिए ।

*-बाँकी अन्तिम पेजमा...*

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

नव जनचेतना
NAWA JANACHETANA NATIONAL DAILY

# सम्पादकीय

## सुशासन : कुरा हैन, व्यवहारमा उतारौं

सुशासन आम नागरिकले अनुभूत गर्ने विषय हो । राज्यका हरेक संयन्त्रहरुबाट प्रवाह हुने बहु आयामिक सेवाहरू कुनै पनि मोलाहिजा विना, वाधा अप्ठ्यारो विना, कुनै पनि झन्झट नखेपी सहज रूपले प्राप्त गर्न सक्ने अवस्था नै सुशासन हो । राज्य प्रदत्त सेवाबाट आम नागरिकले प्राप्त गर्ने आत्म सन्तुष्टि नै सुशासनको सबैभन्दा बलियो सूचक हो । तर नेपालको सन्दर्भमा सुशासन कुरामा मात्रै सिमित बन्न पुगेको छ ।

पारदर्शिता, जवाफदेहिता र जिम्मेवारीपन सुशासनका महत्वपूर्ण जग हुन् । यिनको अभावमा गाउँ तहको सानो क्लबदेखि सरकारसम्म सुशासनयुक्त हुन सक्दैन । तर विडम्बना स्थानीयदेखि संघीय सरकारको प्राथमिकतामा सुशासन नपर्नु दुखद् हो । नेपालका राजनीतिक दलहरुले सधै भाषणमा बोल्ने कुरा हो सुशासन र समृद्धि । उनीहरुले जसरी सुशासन र समृद्धिका कुराहरु गर्छन्, व्यवहारमा भने कार्यान्वय भएको देखिदैन । नेपालको संविधानले पनि दिगो शान्ति, समृद्धि र सुशासनमा जोड दिएको छ । तर व्यवहारमा भने त्यो लागु हुन सकेको छैन । राजनीतिक दलहरु र सरकार मुलुकमा सुशासन दिन र सेवाप्रवाह प्रभावकारी बनाउन असफल देखिएका छन् । देशको भ्रष्टचारको अवस्थाबाटै पनि सुशासनको अवस्था सहजै अनुमान लगाउन सकिन्छ । सुशासन कायम गर्न भ्रष्टाचारको मुहान सफाई गर्नुपर्छ । तर, हामीकहाँ मुख्य मुहान् मानिएको राजनीतिक क्षेत्र नै अत्याधिक भ्रष्ट हुन पुग्दा शासकीय व्यवस्थामा नै गम्भीर समस्या देखिन थालेका छन् । राजनीतिक दल र विशेषगरी सत्तामा गएकाहरू जसरी हुन्छ कमाउधन्दामा लाग्ने गरेका छन् । जसका कारण मुलुक र जनताले दुःख पाएका छन् । अहिलेका शासक यति धेरै गैरजिम्मेवार छन् कि उनीहरूलाई जनताले भोग्नुपरेको पीडा मर्कासँग कुनै सरोकार छैन । कसरी हुन्छ मस्त कमाउने र आफ्नालाई मात्रै पोस्ने काममा नै उनीहरू लिप्त हुन पुगेका छन् । यो अत्यन्तै दुःखद् हो ।

मुलुकमा संघीय शासन व्यवस्थाको अभ्यास भइरहे पनि भ्रष्टाचार, अनियमितता र बेरोजगारी समस्याका कारण यो शासन व्यवस्थामै समस्या उत्पन्न भएको छ । यस्ता समस्याको समाधान तत्काल नगर्ने हो भने संघीय शासन प्रणाली असफल हुने कुरा नकार्न सकिदैन । दल सञ्चालन गर्ने अगुवा असल र इमानदार बन्न सक्ने हो यस्तो अवस्था सिर्जना भने हुँदैन । तसर्थ राजनीतिक दलहरुले सुशासनको पक्षमा भाषण हैन व्यवहारमा उतारेर देखाउन जरुरी छ ।

### Opinion @ Social Network

घमण्ड तेति मात्र देखाउ जति तिम्रो हैसिएत छ
शिरले आकाश छोए पनि त्यो नबिर्सिनु खुट्टा जमिनमै हुन्छ ।
*(निषा आलेको फेसबुक स्टाटस https://www.facebook.com/Nisha.Ale)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# शुद्ध पानी : शक्ति र बुद्धिको खानी



खगेन्द्रराज सिटौला

जनताले कस्तो पानी खान्छन् भन्ने चासोसम्म कुनै राष्ट्रध्यक्ष वा सरकार प्रमुखले राख्दैन भने ऊ उल्लेखित पदका लागि योग्य पदाधिकारी हुन सक्तैन । जनता शारीरिक तथा मानसिक रुपले बलियो हुनुपर्छ भने ऊ राम्रो स्वास्थ्यको हुनुपर्छ । राम्रो स्वास्थ्यलाई सुनिश्चित गर्नको लागि अन्य कुराको अलावा शुद्ध पानी पिउनु अनिवार्य शर्त हो । शुद्ध पानी नपिउने हो भने जतिसुकै राम्रो र पोसिलो खाना खाए पनि उ रोगी- विरामी भएरै छोड्छ । शुद्ध पिउने पानीको लागि विश्वभरका सरकार तथा अनेक संस्थाहरुले लगानी तथा खर्च गर्नुको कारण पनि यही नै हो । भनिरहनु पर्दैन पानीको प्राणी र वनस्पतिसंग कस्तो सम्बन्ध छ भनेर । कहाँको कस्तो पानी शुद्ध र पिउनयोग्य छ र कस्तो र कहाँको पानी अशुद्ध दूषित र पिउन अयोग्य छ भनेर वैज्ञानिक परिक्षणपछि मात्र थाहा हुने विषय हो । सामान्यतया जमेको भन्दा बगेको पानी नै पिउन लायक हुन्छ भन्ने आमजनधारणा रहेको पाइन्छ । 'धाराको पानी धरर गर्छ कुवाको कुहिरहन्छ' भनेर गाइने लोकगीतले पनि यही अर्थ राख्दछ । धाराको बग्ने पानी पिउने र कुवाको जमेको पानी पिउने मान्छेहरुको स्वास्थ्य, विचार-बुद्धि, क्षमता वा साहसमा फरक पर्छ होला र ? वैज्ञानिक किसिमको कुनै अध्यायन, अनुसन्धानले मात्र यसको सही उत्तर दिन सक्ला । व्यापक परीक्षण वैज्ञानिक अध्यायन अनुसन्धान बेगर कुवाको पानी पिउनेमा कम बुद्धि र साहस हुन्छ भनेर ठोकुवा गर्न त सकिँदैन । तर के कुरा ठोकुवा गरेर भन्न सकिन्छ भने तुलनात्मकरुपमा जमेको कुवाको पानी स्वच्छ र स्वस्थ पानी चाहि होइन । खानेपानीको कारणले पनि मान्छेको बुद्धि बढी र घटी हुन्छ कि हुँदैन ? खानेपानीको कारणले मान्छे साहसी वा कातर हुन्छ कि हुँदैन ? यो जटिल सवाल हो । खानेपानीले पनि मान्छेमा बुद्धि घटी र बढी हुने, सूरो र काँतर हुने आधारतत्वमा प्रभाव पार्छ भन्ने विचार पृथ्वीनारायण शाहले 'कुपको पानी खान्या छेउ बुद्धि पनि हुँदैन सूरो पनि हुँदैन' भनेर अघि सारेको पाइन्छ । अर्थात् कुपको पानी खानेहरुमा धाराको बग्ने पानी खानेको तुलनामा बुद्धि र साहस कम हुन्छ भन्ने मत पृथ्वीनारायणको रहेछ । उनले के आधारमा वा के अनुभवमा यो निष्कर्ष निकाले यसको वैज्ञानिक किसिमले सत्य तथ्य पत्ता लगाउने जिम्मा सम्बन्धित विज्ञ तथा अनुसन्धानकर्तालाई नै छोड्दा राम्रो होला । कुवाको पानी खाने मान्छे कम सूरो वा कम बुद्धि भएको हुन्छ भनेर पृथ्वीनारायण शाहले संसार भरका अध्यायन अनुसन्धान गर्नेलाई नयाँ विषय चाहिँ दिएका रहेछन् । हेरौं विज्ञान जगतले यसको वैज्ञानिक किसिमले कसरी सदर व वदर गर्ला । जमेको कुवाको पानी खाने कम सूरो र कम बुद्धि भएको हुन्छ बगेको पानी खानेको तुलनामा भन्ने पृथ्वीनाराण शाहको विचारमा वैज्ञानिक आधार भने जरुर देखिन्छ । यो शुद्धतासँग गाँसिएका सवाल हो । यो शुद्ध आहारा र खानपीनसँग गासिएको सवाल हो ।

> *खानेपानीको कारणले पनि मान्छेको बुद्धि बढी र घटी हुन्छ कि हुँदैन ? खानेपानीको कारणले मान्छे साहसी वा कातर हुन्छ कि हुँदैन ? यो जटिल सवाल हो । खानेपानीले पनि मान्छेमा बुद्धि घटी र बढी हुने, सूरो र काँतर हुने आधारतत्वमा प्रभाव पार्छ भन्ने विचार पृथ्वीनारायण शाहले 'कुपको पानी खान्या छेउ बुद्धि पनि हुँदैन सूरो पनि हुँदैन' भनेर अघि सारेको पाइन्छ । अर्थात् कुपको पानी खानेहरुमा धाराको बग्ने पानी खानेको तुलनामा बुद्धि र साहस कम हुन्छ भन्ने मत पृथ्वीनारायणको रहेछ । उनले के आधारमा वा के अनुभवमा यो निष्कर्ष निकाले यसको वैज्ञानिक किसिमले सत्य तथ्य पत्ता लगाउने जिम्मा सम्बन्धित विज्ञ तथा अनुसन्धानकर्तालाई नै छोड्दा राम्रो होला । कुवाको पानी खाने मान्छे कम सूरो वा कम बुद्धि भएको हुन्छ भनेर पृथ्वीनारायण शाहले संसार भरका अध्यायन अनुसन्धान गर्नेलाई नयाँ विषय चाहिँ दिएका रहेछन् । हेरौं विज्ञान जगतले यसको वैज्ञानिक किसिमले कसरी सदर व वदर गर्ला । जमेको कुवाको पानी खाने कम सूरो र कम बुद्धि भएको हुन्छ बगेको पानी खानेको तुलनामा भन्ने पृथ्वीनाराण शाहको विचारमा वैज्ञानिक आधार भने जरुर देखिन्छ ।*

जनतालाई जमेको सडेको फोहर खाने पानी होइन बगिरहने निर्मल स्वच्छ खानेपानी खुवाउने वकालत हो पृथ्वीनारायण शाहको । गहिरिएर विचार गर्दा पृथ्वीनारायण शाहले ठिकै भनेको देखिन्छ । किनभने जमेको, सडेको दुषित फोहर पानी खायो भने मानिसमा अनेक रोग विराम लाग्ने संभावना प्रवल हुन्छ । रोगी मान्छे शारीरिक तथा मानसिक रुपमा कमजोर हुन्छ । ऊ प्राय निरास देखिन्छ झोक्राएर बस्छ । उसको शारीरिक र मानसिक विकास ठिक ढंगले बढ्दैन । अर्थात् रोगले गर्दा उसको शारीरिक, मानसिक तथा बौद्धिक विकासमा प्रतिकूल प्रभाव पार्दछ । जसको कारणले उ सबै किसिमले शिथिल, निराश र कमजोर हुन्छ । यसले उसको साहस र बुद्धिलाई क्षय गराएर लान्छ । यसैलाई पृथ्वीनारायणले बुद्धि नहुने र सूरो नहुने रहेछ भनेको देखिन्छ । शुद्ध खानेपानीको महत्व कति छ भनेर पृथ्वीविचारले दर्शाएको छ । शुद्ध खानेपानीको शक्ति बुझेर जनतालाई सफा खानेपानी को सुनिश्चित गर सरकार भनेको हो यो । शुद्ध पानी खुवाउ सबै किसिमले जनतालाई बलियो बनाउ पृथ्वीविचारले यही भन्छ हरेक सरकारलाई । जनतालाई शुद्ध पानी खुवाउन नसक्नु जनतालाई साहस र बुद्धिमा कमजोर पारेर लानु हो भन्ने पृथ्वीविचारको मर्म बुझ्न कन्जुस्याइँ गर्नु हुँदैन । जनताले शुद्ध खाना र पाना अघाउने गरि खान पाउनु पर्दछ । कुन स्थानका जनताले शुद्ध पानी खान पाएका छन् छैनन् राज्यले हेर्नु र केलाउनु पर्छ । कुन स्थानका जनता अर्थात् जनसमुदायमा पानीको कारणले के कस्तो रोग लागेको छ सबै जानकारी राज्य वा राज्यका निकायसंग हुनुपर्दछ । राज्यले जति सक्दो छिटोभन्दा छिटो जनतालाई शुद्ध खानेपानी खुवाउने परिस्थिति सुनिश्चित गरिनु पर्दछ । जमेको र सडेको फोहर पानी खानुपर्ने बाध्यताबाट जनतालाई सदाको लागि मुक्त गरिनु पर्दछ । हाम्रा पूर्खाहरुले पानीका मूल छेउछाउ खोला नदी किनारमा, मुहानमा फोहर गर्न हुँदैन भनेर मान्छेलाई देउताको डर देखाएको पनि सफा जलकै लागि हो भन्ने सजिलै बुझ्न सकिन्छ । नदी खोलानालालाई पूजा गराउने चलन पनि यही पानी सफाईसँग नै जोडिएको सवाल हो । पानी सभ्यतासँग जोडिएको सवाल हो । पृथ्वीविचारले मान्छेलाई मानसिक रुपले पनि अथवा मनोवैज्ञानिक किसिमले पनि झड्का दिएको रहेछ। जमेको सडेको फोहर पानी पिउने मान्छे साहसी पनि र बुद्धिमानी पनि हुँदैन भन्ने कुरा सुनेपछि या बुझेपछि उनीहरु झस्कन्छन् । र आफैं शुद्ध सफा खानेपानीको लागि सचेत हुन्छन् । अनि उनीहरु आफैं सकृय र गम्भीर भएर शुद्ध सफा खानेपानीको लागि अभियान चलाउन लाग्दछन्। मान्छेले बढ्ता बुद्धिको लागि पनि शुद्ध पानी खानु पर्‍यो बढ्दा शक्ति र साहसको लागि पनि शुद्ध पानी खानु पर्‍यो । सधैं शुद्ध पानी खाउँ तनलाई बलियो बनाऔं मनलाई तिखो बनाऔं । पृथ्वीविचारले सबैलाई यही भन्छ । जमेको अशुद्ध पानी नखाऔं बग्ने सफा पानी र पानीका मुहानलाई फोहर नबनाऔं । के हामी पानीका मुहान, खोला, नदी आदिलाई सफा राख्ने बनाउने अभियानलाई राष्ट्रिय अभियान बनाएर आम जनतालाई यो अभियानमा जोडेर यसलाई जनताको निरन्तर अभियान बनाउन सक्तैनौं र ? पृथ्वीनारायण शाह कुवाको पानी जस्तै जमेर बस्ने निष्कृय चरित्र र प्रवृतिका मान्छे होइनन् । बग्ने पानी जस्तै गतिशिल र सकृय जीवन जिउने धार र सार उनको चारित्रिक व्याक्तित्व हो। उनले जीवन धारलाई पानीसँग मिलाउन र तुलना गर्न चाहेको देखिन्छ । त्यसैले गतिशील व्याक्तित्वका धनी पृथ्वीनारायण शाहले जमेको कुवाको पानी र त्यो पानी प्रवृतिका गतिहीन लोसेलाई मन पराएनन् । अनि निष्कर्ष निकाले कुपको पानी खानेको बुद्धि पनि हुँदैन सूरो पनि हुँदैन । यो मनोविज्ञानसम्वध्द विश्लेषण पनि हो । जे होस् शुद्ध पानी खान पाउनु पनि जनताको मौलिक अधिकार अथवा मानव अधिकार हो । अथवा यो मानव अधिकार अझ बढेर भन्दा जीवन अधिकारको सवाल पनि हो । यो पृथ्वीविचारको जनस्वास्थ्यसंग जोडिएका महत्वपूर्ण तर गम्भीर सवाल पनि हो । जनतालाई कसरी बुद्धिमान र बलवान् याने शक्तिमान् बनाउने चिन्ताको सवाल पनि हो हाम्रा राष्ट्रनिर्माताको । जताबाट पनि जुनै कोणबाट पनि पृथ्वीविचारले बलियो जनता खोजेको छ । बग्ने पानी जस्तै स्वच्छ, सकृय र गतिशील जनता खोजेको छ । गतिशील जीवन धार खोजेको छ ।

*-डिसी नेपाल डटकम*

### महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
- बुटवल ०७१-५४०२२२
- स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
- बुटवल रामनगर ०७१-५४१२३३
- भैरहवा ०७१-५२०१९९
- अर्घाखाँची ०७७-५२११९९
- गुल्मी ०७९-५२०१९९
- परासी ०७८-५२०१९९
- तौलिहवा ०७६-५६००९९
- पाल्पा ०७५-५२०५३६, ५२०१९९
- इप्रका रामपुर ०७५-६९१५१५

**अस्पताल कार्यालय**
- लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
- लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
- भिमअस्पताल भैरहवा ०७१-५२०१९३
- मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
- परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
- पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
- लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
- पिचन्द्र परासी ०७८-५२०१८८
- भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
- अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
- तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
- तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
- सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
- बुटवल हस्पितल ०७१-५४६४३२
- लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
- रेडक्रस बुटवल ५४१००४
- लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
- मेडिटेक अस्पताल ५४९०७२
- कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
- आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
- रामपुर अस्पताल: ०७५-४००१५४

**एम्बुलेन्स न.**
- रोटरी क्लब बुटवल ०७१-५४४६००
- लियो क्लब अफ बुटवल ०७१-५४५८९३
- रेडक्रस भैरहवा०७१-५२०२६३
- रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
- परासी ०७८-५२०१२५
- रेडक्रस पाल्पा ०७५-५२०६००
- रेडक्रस तौलिहवा ०७६-५६००१५
- रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
- रेडक्रस गुल्मी ०७९-५२०१६३
- नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
- लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
- नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
- जनसेवा क्लब नयाँमिल ९९५७०२१२४६
- लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
- बनगाई क्लब बनगाई ०७६-६९०१०२
- रेडक्रस देवदह ०७१-५७७०९९
- लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
- बुटवल जेसिस ९८४७१२९९६४
- न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
- परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
- रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

### दैनिक राशिफल

| | |
|---|---|
| **मेष** :इच्छाशक्तिको कमीले बाधा आउनेछ।व्यवसायमा पिताको सहयोग मिल्नेछ। | **तुला** : इष्टमित्रहरूको सहयोग मिल्नेछ। राजनीतिक क्षेत्रमा प्रभाव बढ्नेछ। |
| **वृष** : प्रेमीसँग भ्रमणका योग छन्। र ोकिएको पैसा लिने समय रहेको छ। | **वृश्चिक** : आँटेको कार्यमा सफलता मिल्नेछ। पठनपाठनमा मन लाग्नेछ। |
| **मिथुन** : फिजुल खर्चदेखि बच्नुहोस्। स्वास्थ्यमा सुधारका योग छन्। | **धनु** : सामानको जिम्मेवारी स्वयं राख्नुहोस्। प्रतिस्पर्धीहरूले हार खानेछन्। |
| **कर्कट** : व्यापारबाट लाभ आर्जन गर्न सकिएला। दाम्पत्य जीवन सुमधुर रहनेछ। | **मकर** : दिगो कार्य प्रारम्भ हुनेछ। स्वाभिमान बचाउनको लागि संघर्ष गर्नुपर्ला। |
| **सिंह** : नकारात्मक कुराहरूबाट टाढा रहनुहोस्। जीवनसाथीसँग मनमुटावका योग छन्। | **कुम्भ** : प्रशासनबाट सहयोग मिल्नेछ। रोकिएका कार्य प्रारम्भ हुनेछन्। |
| **कन्या** : समय निकै उत्साहजनक रहेको छ। मेहनतले कीर्तिमान स्थापित गर्न सक्नुहुनेछ। | **मीन** : स्वादिष्ट भोजनको आनन्द लिने अवसर रहेको छ। लगनशीलताले अगाडि बढ्नेछ। |

# शिक्षा

## छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण बुझाउन निर्देशन

गाउँपालिकाले शैक्षिक सत्र २०८२ देखि सार्वजनिक पद धारण गर्ने व्यक्तिहरूलाई आफ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण पेस गर्न भनेको हो । पर्वतको पैंयु गाउँपालिकाले सार्वजनिक पद धारण गरेका व्यक्तिका छोराछोरी अनिवार्यरुपमा सामुदायिक विद्यालयमा भर्ना गर्न दिएको निर्देशन पालना भए नभएको परिक्षण गर्न थालेको छ । गाउँपालिकाले शैक्षिक सत्र २०८२ शुरु भएपछि पालिकाभित्र कार्यरत सार्वजनिक ओहोदाका व्यक्तिहरुले आ्ना छोराछोरी सामुदायिक विद्यालयमा भर्ना गरेको प्रमाण पेस गर्न ताकेता गरेको हो । सार्वजनिक पद धारण गरेका जनप्रतिनिधि, कर्मचारी, प्रधानाध्यापक, व्यवस्थापन समितिका पदाधिकारी, शिक्षक तथा विद्यालय कर्मचारीलाई आ्ना छोरा, छोरी, नाती, नातीना सरकारी विद्यालयमा भर्ना गरेको प्रमाण तीन दिनभित्र पेस गर्न भनेको हो । गाउँ कार्यपालिकाले शैक्षिक सत्र विसं २०८० देखिनै अनिवार्य रुपमा सामुदायिक विद्यालयमा पठनपाठन गराउनुपर्ने निर्णय गरेको भएपनि कार्यान्वयन नभएपछि यसवर्ष प्रमाण नै पेस गर्न लगाइएको प्रमुख प्रशासकीय अधिकृत जीवन गैरेले जानकारी दिए । आइतबारभित्र प्रमाण पेस गर्नुपर्ने उनको भनाइ छ । गैरेका अनुसार सार्वजनिक शिक्षाको गुणस्तर सुधारका लागि पालिकाले यस्तो निर्णय गरेको हो । जिम्मेवार पदाधिकारी, स्वयं प्रअ र शिक्षककै छोराछोरीले निजी विद्यालयमा पठनपाठन गराउँदा सामुदायिक विद्यालयको गुणस्तर वृद्धि हुन नसकेको गुनासो आएपछि पालिकाले यस्तो निर्णय गरेको उनको भनाइ छ । पैंयु गाउँकार्यपालिकाको विसं २०८० चैत २९ गतेको वैठकले अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गराउनुपर्ने निर्देशन दिएको थियो । सार्वजनिक पद धारण गरी पालिकाभित्र स्थायी वा अस्थायी रुपमा बसोबास गर्दै आएका व्यक्तिको सन्तान चालु शैक्षिक सत्रदेखि अनिवार्य रुपमा सामुदायिक विद्यालयमा भर्ना गरेर पठाउनुपर्ने बाध्यकारी नियम लागू गरिएको गाउँपालिकाका अध्यक्ष तोरणमल्ल ठकुरीले जानकारी दिए । उनका अनुसार पालिका अध्यक्ष र उपाध्यक्षले गाउँपालिकाको कार्यालयमा, वडा अध्यक्ष र सदस्यहरुले सम्वन्धित वडा कार्यालयमार्फत पालिकाको शिक्षा युवा तथा खेलकुद शखामा, कर्मचारीहरुले प्रशासन शाखामा, स्वास्थ्य क्षेत्रमा कार्यरत कर्मचारीलाई पालिकाको स्वास्थ्य शाखामा प्रमाण पेस गर्न भनिएको छ । यसैगरी विद्यालय व्यवस्थापन समितिका अध्यक्ष र पदाधिकारी, शिक्षक र विद्यालय कर्मचारीले सम्बन्धित विद्यालयका प्रअमार्फत पालिकाको शिक्षा, युवा तथा खेलकुद शाखामा प्रमाण पेस गर्न भनिएको अध्यक्ष ठकुरीले बताए । सामुदायिक विद्यालयमा विद्यालय व्यवस्थापन समिति वा शिक्षकको रुपमा रहेका हुन्छन् तर आफ्नो सन्तान संस्थागत विद्यालयमा पठाउँदै आएका छन् । प्रमुख प्रशासकीय अधिकृत गैरेले सचेत अभिभावकले विद्यालयको शैक्षिक प्रणाली र व्यवस्थापनको निगरानी गर्ने भएकाले शिक्षाको गुणस्तरीयतामा वृद्धि हुने विश्वास व्यक्त गरे ।

*-रासस*

## कोरियामा नेपाली विद्यार्थीहरू किन समस्यामा पर्छन् ?



शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले कोरिया अध्ययनका लागि प्रदान गर्ने वैदेशिक अध्ययन अनुमति पत्र (एनओसी) स्थगित गरेको छ । दक्षिण कोरियामा डी-२ र डी-४ भिसामा स्नातक तह अध्ययन गर्न जाने विद्यार्थीहरूका लागि प्रदान गरिँदै आएको एनओसी हाललाई स्थगित गरिएको हो । स्नातकोत्तर तहका लागि भने नियमानुसार एनओसी प्रदान गरिने मन्त्रालयले जनाएको छ । कोरियामा अध्ययनरत नेपाली विद्यार्थीहरूले सुरुदेखि नै रोजगारीमा बढी प्राथमिकता दिने र अध्ययनमा निरन्तरता नहुने, स्टडी आवर कम भएका विश्वविद्यालयमा भर्ना हुने कारण अध्ययनको निरन्तरतामा समस्या आउने, काम पाउन नसक्नेहरूमा डिप्रेशन लगायत मानसिक समस्या हुने, कोरिया सरकारले कालो सूचीमा राखेका विश्वविद्यालयहरूमा समेत विद्यार्थी पठाउने गरेको समस्या देखिएकाले एनओसी जारी गर्न स्थगित गरेको शिक्षा मन्त्रालयले जनाएको छ । परराष्ट्र मन्त्रालयमार्फत कोरियास्थित नेपाली राजदूतावासले समस्याबारे जानकारी गराएको थियो । धेरै नेपाली समस्यामा परेको गुनासो आएपछि तत्कालका लागि एनओसी जारी गर्ने कार्य स्थगित गरिएको शिक्षा मन्त्रालयका सूचना अधिकारी निलकण्ठ ढकालले बताए । मन्त्रालयले एनओसीलाई व्यवस्थित एवं नियमन गर्ने उपायका विषयमा अध्ययन गरी प्रतिवेदन पेस गर्न एक कार्यदल गठन गरेको छ । उक्त कार्यदलको सिफारिसको आधारमा थप निर्णय गरिने उनको भनाइ छ ।

**के हो नेपाली विद्यार्थीले भोग्दै आएको समस्या ?**

कोरियामा नेपाली विद्यार्थीहरूले भोग्दै आएको समस्याबारे शिक्षा मन्त्रालयले परराष्ट्र मन्त्रालयसँग जानकारी मागेको थियो । सोही आधारमा परराष्ट्र मन्त्रालयले कोरियास्थित नेपाली राजदूतावासलाई पत्राचार गरेको थियो । परराष्ट्रको पत्रको जवाफमा दूतावासले डी-२ र भी-४ भिसामार्फत अध्ययनका लागि कोरिया जाने विद्यार्थीहरू विभिन्न समस्याबाट ग्रसित रहेको प्रस्ट पारेको थियो । परराष्ट्रलाई लेखेको पत्रमा दूतावासले कोरियामा नेपाली विद्यार्थीहरूको अवस्था दिनानुदिन समस्याग्रस्त भइरहेको जनाएको छ । कोरियामा अण्डरग्रेजुएट अध्ययनका लागि विद्यार्थीहरू डी-२ र डी-४ भिसामा जाने गरेका छन् । डी-२ भिसामा विद्यार्थीहरू कोरिया पुगेपछि सिधै आफूले पढ्न चाहेको विश्वविद्यालयमा भर्ना हुने गरेका छन् । कन्सल्टेन्सीहरूले नेपालबाट जाँदा नै अवैधानिक रूपमा काम पाइने आश्वासन दिने गरेको दूतावासले जनाएको छ । तर, सोचेअनुसार काम नहुँदा मानसिक तनाब र समस्यामा पर्ने गरेको दूतावासको भनाइ छ । डी-४ भिसामा आउने विद्यार्थीहरू कोरिया प्रवेश गरेपछि ६ महिनादेखि एक वर्षसम्म भाषा अध्ययन गर्छन् । त्यसपछि डी-४ बाट डी-२ भिसामा जानका लागि अर्को विश्वविद्यालयमा आवेदन दिने गरेका छन् । अर्को विश्वविद्यालयमा आवेदन दिँदा ती विश्वविद्यालय कोरियन सरकारको कालोसूचीमा परेको हुने, क्रेडिट आवर कम भएका विश्वविद्यालयमा भर्ना हुने गरेको पाइएको छ । डी-४ भिसामा कोरिया प्रवेश गर्दा भाषा अध्ययन सकेपछि कुन विश्वविद्यालयमा भर्ना हुने भन्ने नेपालबाट कन्सल्टेन्सीहरूले सुनिश्चित नगरिकन, आउने बित्तिकै काम गर्न पाउने र पैसा यथेष्ट कमाउने झुटो आश्वासन दिएर पठाउने गरेको दूतावासले जनाएको छ । कन्सल्टेन्सीहरूले विद्यार्थीहरूको ब्रेन वास गरेर अवैधानिक तरिकाले भए पनि कोरियामा काम गर्न पाइन्छ भनेर कोरियाली सपनाको व्यापार गर्दै आएको समेत दूतावासले जनाएको छ । डी-४ भिसाको नाममा अत्यधिक रकम असुली गर्ने, एउटै कामका लागि ३-४ पटकसम्म पैसा उठाउने, कोरियामा भएका एजेन्टमार्फत कोठा खोजिदिने लगायत विभिन्न बहानामा फेरि पनि पैसा लिएर लुट धन्दा नै चलाउने गरेको भनी समस्यामा परेका विद्यार्थीहरूबाट दैनिक गुनासो आउने गरेको दूतावासले जनाएको छ । कन्सल्टेन्सीहरूले भनेकोजस्तो अवस्था नबन्दा र आर्थिक अभावले गर्दा भर्खर १८-१९ वर्ष लागेका विद्यार्थीहरू लिभिङ टुगेदरमा बस्ने गरेका छन् । केही समयपछि शारीरिक रूपमा शोषणमा परेको भनी दूतावासमा गुनासो गर्ने, जोसँग लिभिङ टुगेदरमा बसेको हो, त्यो व्यक्तिले ब्ल्याक मेलिङ गरेर पैसा माग्ने, नदिएमा प्रहरी केस गर्ने धम्की दिनेजस्ता कार्य समेत हुने गरेको दूतावासले परराष्ट्रलाई लेखेको पत्रमा उल्लेख छ । यस्ता कारणले सम्बन्धित विद्यार्थीलाई मात्र नभएर एन-७ र एन-९ लगायत विभिन्न भिसामा कोरियामा रहेका नेपालीहरूमा समेत शारीरिक तथा मानसिक असर परेको छ । कोरियामा छात्रवृत्तिमा मास्टर तथा पीएचडी अध्ययन गर्नका लागि सहज तथा समस्यामुक्त रहेको दूतावासले जनाएको छ । कोरियामा अण्डर ग्रेजुएटमा विद्यार्थी पठाउँदा राष्ट्रिय विश्वविद्यालय तथा विश्व वरीयतामा रहेका विश्वविद्यालयमा पठाउन सकेको खण्डमा राम्रो हुने दूतावासको भनाइ छ । डी-४ भिसामा पठाउँदा कन्सल्टेन्सीहरूले बढी पैसा असुल्ने र विद्यार्थीहरू कोरिया प्रवेश गरेपश्चात धेरै समस्यमा पर्ने हुँदा विद्यार्थीहरू पठाउने कामलाई या त नियमन गर्नुपर्ने या त निस्तेज गर्नुपर्ने दूतावासले सुझाव दिएको थियो । दूतावासले नेपाली विद्यार्थीहरूलाई अण्डर ग्रेजुएटका लागि डी-२ र डी-४ भिसामा कोरिया कोरिया नपठाउन उपयुक्त हुने व्यहोराको सुझाव दिएको थियो । दूतावासको पत्रको आधारमा परराष्ट्र मन्त्रालयले शिक्षा मन्त्रालयलाई पत्राचार गरेको थियो । पत्रमा नेपाली विद्यार्थीले भोग्नुपरेको समस्याबारे दूतावासले गराएको जानकारीसहितको विवरण पेस गरेको थियो । त्यसपछि शिक्षा मन्त्रालयले डी-२ र डी-४ भिसामा जाने विद्यार्थीका लागि एनओसी रोकेको हो ।

*-रातोपाटी डटकम*


**गुल्मी दरबार गाउँपालिकाको अनुरोध**

- आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
- आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
- कुनै सामान वा बस्तु खरिद (किन्दा) लेवल हेरेर म्याद रहे-नरहेको एकिन गरेर मात्र खरिद गर्ने बानी बसालौं ।
- म्याद गुज्रेका (Date Expiry) सडेगलेका सामाग्रीले हाम्रो स्वास्थ्यमा प्रत्यक्ष असर पर्ने भएको हुँदा त्यस्ता सामाग्रीको बिक्री वितरण नगरौं ।

| भेषराज घिमिरे | तारा थापा ढेमा | सरोजकुमार थापा |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

गुल्मी दरबार गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
औडाकोट, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

**रैनादेवी छहरा गाउँपालिकाको अनुरोध**

-खानोपानीका मुल मुहानहरुका संरक्षण गरौं ।
- वन जंगलमा आगलागी हुन नदिन सावधानी अपनाऔं ।
-श्रम र श्रमजीवीहरुको सम्मान गरौं ।
- स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।
- अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
- आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।

| कृष्णप्रसाद ज्ञवाली | युवराज थापा | रुक्माङ्गत भट्टराई |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

रैनादेवी छहरा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
छहरा, पाल्पा
लुम्बिनी प्रदेश, नेपाल

**डढेलोबाट बचौं र बचाऔं**

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जंगलमा सलाई तथा लाईटरको प्रयोग नगरौं र गर्नै पर्ने भए सावधानी पूर्वक प्रयोग गरी राम्रोसँग निभाऔं,
- सानो असावधानीले जंगलमात्र होईन आसपासका बस्ती समेत उजाड हुन सक्छन्,
- जन, धन र वनको संरक्षण गरौं,

सचेत बनौं, डढेलोबाट आफू पनि बचौं र अरुलाई पनि बचाऔं ।

अनुरोधक
डिभिजन वन कार्यालय
तानसेन, पाल्पा

**सत्यवती गाउँपालिकाको अनुरोध**

➢ जन्म, मृत्यु, बसाईसराई, विवाह, सम्बन्ध विच्छेद जस्ता व्यक्तिगत घटनाहरुको घटना घटेको ३५ दिन भित्र दर्ता गरौं ।
➢ व्यापार, व्यवसाय, उद्योग, कलकारखाना सञ्चालन गर्दा सम्बन्धित निकायमा दर्ता गरी इजाजत-पत्र लिएर मात्र सञ्चालन गरौं ।
➢ आफूले तिर्ने/बुझाउनुपर्ने कर समयमा नै बुझाउने बानी बसालौ ।
➢ आफ्नो वरपर सञ्चालनमा रहेको विकास निर्माण कार्यहरुको नियमित अनुगमन गरौं ।
➢ अपाङ्गता भएका व्यक्ति, जेष्ठ नागरिक, असाहाय तथा बालबालिकाहरुलाई सक्दो सहयोग गरौं ।
➢ आफ्नो घर-आँगन वरपर सधैं सफा र स्वच्छ राखौं ।
➢ स्थानीय उत्पादनलाई प्रोत्साहन गर्न त्यस्ता उत्पादित वस्तुहरुको प्रयोग गरौं ।

| कमल प्रसाद भुसाल | निर माया तरामु | टिकाराम पाण्डे |
|---|---|---|
| प्रमुख प्रशासकीय अधिकृत | उपाध्यक्ष | अध्यक्ष |

सत्यवती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
जोहाङ्, गुल्मी
लुम्बिनी प्रदेश, नेपाल

# सेन माविले मनायो ५७ औं वार्षिक उत्सव



**पाल्पा,** जेठ ४/सेन माध्यमिक विद्यालय तानसेन पाल्पाले ५७ औ वार्षिकोत्सव तथा अभिभावक दिवस समारोह मनाएको छ । विद्यालयले आइतबार विभिन्न कार्यक्रमहरुको आयोजना गरी दिवस मनाएको हो ।

वार्षिक उत्सवको तानसेन नगरपालिका -६ का वडा अध्यक्ष सागरमान महर्जनले उद्घाटन गरेका हुन् । कार्यक्रमको उद्घाटन गर्दै अध्यक्ष महर्जनले समग्र शिक्षा सुधारको लागि कानुन संशोधन गर्न जरुरी रहेको बताए । उनले देशमा गुणस्तरीय प्रविधियुक्त शिक्षा भए विकास निर्माणदेखी खोज अनुसन्धानका कामहरुमा प्रगती गर्न सकिने बताए । विगतमा भन्दा अहिले सेन माविको शिक्षाको गुणस्तरमा सुधार भएकोमा अध्यक्ष महर्जनले खुसी व्यक्त गरे । कार्यक्रममा विद्यालयका संस्थापक सदस्यहरु बुद्धि प्रसाद शर्मा,द्वारिक प्रसाद शर्माले सेन स्कूलको इतिहासका बारेमा जानकारी गराउँदै विद्यालयको इतिहास कायम राख्ने दिशामा ध्यान दिनुपर्ने बताए । कार्यक्रममा डिभिजन वन कार्यालयका प्रमुख नारायणदेव भट्टराई, लायन्स अन्तर्राष्ट्रिय डिस्ट्रिक ३२५ नेपालको द्धित्तिय भाइस डिस्ट्रिक गर्भनर तथा विद्यालयका अक्षयकोषदाता मीना पन्थी, तानसेन नगरपालिकाका लेखा अधिकृत कौसलराज घिमिरे, नेपाल पत्रकार महासंघ पाल्पाका सचिव रामचन्द्र रायमाझी, विद्यालयका पूर्व शिक्षक सुर्यबहादुर बोहोरा, शिक्षक अभिभावक संघका अध्यक्ष भरत खड्गी, अभिभावक पदम गुरुङ,विद्यार्थीहरु रोनिक मल्ल, लिसार थापा लगायतले विद्यालयको सफलताको शुभकामना व्यक्त गरे । उनीहरुले विद्यालय शिक्षालाई गुणस्तरीय बनाउन तीनै तहका सरकार, शिक्षक, अभिभावक र विद्यार्थीले ध्यान दिनुपर्नेमा जोड दिए । विद्यालयको वार्षिक प्रतिवेदन प्रस्तुत गर्दै प्रधानाध्यापक भिमलाल बस्यालले १ करोड ७७ लाख ५९ हजार ४ सय ५६ बराबरको आय व्यव सार्वजनिक गरे । विद्यालयमा जेहेन्दार, गरिव, दलित, आदिवासी तथा जनजाती बालबालिकाहरुलाई छात्रबृत्ति प्रदान गर्दै आएको, विद्यालयले शैक्षिक गुणस्तरलाई ध्यान दिदै आएको, कक्षा १० सम्मका बालबालिकालाई नियमित कम्प्युटर तथा साइन्स प्रयोगशाला अभ्यास गराउदै आएको, शिक्षणमा प्रविधिको प्रयोग गर्दै आएको उनले बताए । प्रअ बस्यालले नर्सरीदेखी कक्षा १२ सम्म अंग्रेजी माध्यमबाट पठन -पाठन, जंग फुड निषेधित व्यहारमै कार्यान्वयन गरेको र विद्यालयको चमेनागृहमा समेत जंगफुडयुक्त सरसमान ल्याउन र पकाउन नपाउने, विद्यालयमै शिक्षकदेखी बालबालिकासम्मलाई सरसफाईमा विशेष ध्यान पुऱ्याएको, विगत ३ बर्षदेखी भर्ना दरमा वृद्धि हुँदै गएको समेत जानकारी दिए । उनले आगामी दिनमा बालमैत्री कक्षा कोठा निर्माणमा प्रथामिकता दिने, प्राविधिक शिक्षा सहितको आवासीय नमूना विद्यालय सञ्चालनका लागि पूर्वधार तयार गर्ने, गणित प्रयोगशालालाई थप व्यवस्थित गरिने, शिक्षणमा अंग्रेजी माध्यमको भाषालाई थप प्रभावकारी बनाइने उल्लेख गरे । कार्यक्रममा शिक्षक, विद्यार्थी, कर्मचारीहरुलाई सम्मान समेत गरिएको थियो । सोही अवसरमा विद्यार्थीहरुले विभिन्न साँस्कृतिक प्रस्तुति समेत देखाएका थिए । विद्यालय व्यवस्थापन समितिका कार्यवाहक अध्यक्ष कमलराज तिमिल्सेनाको अध्यक्षता, शिक्षक जर्नादन पाण्डेको स्वागत, सहकाय प्रअ हरिबहादुर कुंवरको सञ्चालनमा कार्यक्रम भएको थियो ।

## खेलकुद समाचार

### ४० वर्ष पछि इटालीका लागि उपाधि



**काठमाडौ,** जेठ ४/ जास्मिन पाओलिनीले इटालियन ओपनको महिला एकलमा ४० वर्षको प्रतीक्षा समाप्त गर्दै कोको गफलाई सिधा सेटमा ६-४, ६-२ ले पराजित गरी शानदार प्रदर्शन गरिन्। रोमको फोरो इटालिकोमा इटालियन राष्ट्रपतिसहितको समर्थनमा पाओलिनीले १ घण्टा २९ मिनेटमा क्लेको कोर्टमा जित हासिल गरिन् । २९ वर्षीया पाओलिनीले गत वर्ष फ्रेन्च ओपन र विम्बल्डनमा आश्चर्यजनक फाइनलिस्ट थिइन्। उनी सन् १९८५ मा राफाएला रेगीपछि यो प्रतियोगिता जित्ने पहिलो इटालियन महिला बनिन् । १९३० मा सुरु भएदेखि इटालीका लागि उनी समग्रमा चौथो विजेता हुन् । 'ट्रफी हातमा लिनु अविश्वसनीय छ । म धेरै भावुक छु,' उनले भनिन्, 'म सानो छँदा यो प्रतियोगिता हेर्न यहाँ आउँथें, त्यसैले ट्रफी उचाल्नु मेरो सपनाभन्दा बाहिरको कुरा हो ।' यो जितले उनी सोमबार विश्व वरीयतामा चौथो स्थानमा उक्लनेछिन् भने आगामी हप्ता शुरू हुने फ्रेन्च ओपनमा शीर्ष चार सिड प्राप्त हुनेछ ।

## अर्थ/कर्पोरेट समाचार

### नेप्से परिसूचक घट्यो



**पाल्पा,** जेठ ४/ नेपाल स्टक एक्सचेञ्ज (नेप्से) परिसूचक दुई दशमलव ७९ अङ्कले घटेर दुई ६०९ दशमलव शून्य पाँचको विन्दुमा कायम भएको छ । पछिल्लो छ कारोबार दिन आइतबार पनि नेप्से परिसूचकमा गिरावट देखिएको हो ।

तीन सय नौ कम्पनीको एक करोड ६९ लाख सात हजार ७३७ कित्ता शेयर ७९ हजार ८९३ पटक खरिदबिक्री हुँदा रु आठ ५० करोड ९२ लाख २१ हजार ३१२ दशमलव ६१ को कारोबार भएको छ । आइतबार एक सय कम्पनीको शेयर मूल्य बढ्दा एक सय ४५ कम्पनीको घटेको छभने एउटा स्थिर अवस्थामा छ । ओम मेगाश्री फर्मास्युटिकल्स लिमिटेडको शेयर मूल्यमा सकारात्मक सर्किट लागेको छ । त्यस्तै, छाब्दी हाइड्रोपावर लिमिटेड नौ दशमलव ९९, विन नेपाल लघुवित्तीय संस्था लिमिटड नौ दशमलव ५३, नेपाल पुनर्बिमा कम्पनी आठ दशमलव ४१, बाराही हाइड्रोपावर पब्लिक लिमिटेडको शेयर मूल्य सात ३२ प्रतिशतले बढेको छ । सबैभन्दा बढी कर्पोरेट डेभपलमेन्ट बैंक लिमिटेडको शेयर मूल्य आठ दशमलव ७१ प्रतिशतले घटेको छ । साथै सबैभन्दा बढी नेपाल रिइन्स्योरेन्स कम्पनीको रु ७० करोड ३७ लाखको शेयर कारोबार भएको छ ।

## अझै २० करोड ३८...

...तानसेनमा अघिल्लो आर्थिक वर्ष तीन करोड २ लाख ३३ हजार बेरुजु देखिएको थियो । जुन कुल बेरुजुको १ दशमलव ७९ प्रतिशत हो । यस पटक सबै भन्दा कम देखिएको रैनादेवीमा अघिल्लो वर्ष १ करोड ४३ लाख ३४ हजार अर्थात १ दशमलव २३ प्रतिशत बेरुजु थियो । त्यस्तै रामपुर नगरपालिकाको ३ करोड ३६ लाख ४ हजार अर्थात् २ दशमलव ५ प्रतिशत रहेको छ । यहाँ अघिल्लो वर्ष दुई करोड १६ लाख ९४ हजार बेरुजु देखिएको थियो । निस्दी गाउँपालिकाको २ करोड ७७ लाख २३ हजार अर्थात् २ दशमलव ७ प्रतिशत बेरुजु देखिएको छ । यहाँ पनि अघिल्लो वर्ष ५ करोड ८ लाख ६६ हजार बेरुजु देखिएको थियो । यस्तै पूर्वखोला गाउँपालिकामा एक करोड ९३ लाख ७ हजार अर्थात् १ दशमलव ७१ प्रतिशत बेरुजु देखिएको छ । यहाँ अघिल्लो वर्ष सात करोड १७ लाख २५ हजार बेरुजु आएको थियो । तिनाउ गाउँपालिकाको एक करोड ७२ लाख ८९ हजार अर्थात् एक दशमलव ६५ प्रतिशत बेरुजु आएको छ । यहाँ अघिल्लो वर्ष ६९ लाख २७ हजार बेरुजु आएको थियो । यस्तै माथागढी गाउँपालिकाको २ करोड ७ लाख ८४ हजार अर्थात् १ दशमलव ५७ प्रतिशत, बगनासकाली गाउँपालिकाको एक करोड ३८ लाख ६० हजार अर्थात् १ दशमलव १८ प्रतिशत, रम्भा गाउँपालिकाको ९२ लाख १३ हजार अर्थात् ० दशमलव ८९ प्रतिशत र रिब्दीकोट गाउँपालिकाको ६२ लाख ९३ हजार अर्थात् ० दशमलव ५६ प्रतिशत बेरुजु देखिएको छ । अघिल्लो वर्ष माथागढीमा ४ करोड १ लाख ९४ हजार, बगनासकालीमा ९८ लाख ७९ हजार,रम्भा २ करोड ३८ लाख ५४ हजार रिब्दीकोटमा ९३ लाख ८६ हजार बेरुजु रहेको थियो । जिल्लाको बेरुजुमा केही सुधार देखिए पनि अझै त्यसको रापताप भने कायमै छ । वास्तविक स्रोतमा आधारित भई बजेट निर्माण गरिनुपर्नेमा महालेखाको ६२ औं प्रतिवेदनले हरेक बजेटका नीति तथा कार्यक्रम महत्वपूर्ण भन्दै प्रस्तुत गर्ने गरे पनि कार्यान्वयन हुन नसेकक्केको औंल्याएको छ । यथार्थपरक र वास्तविक स्रोतमा आधारित भई बजेट निर्माणमा महालेखाको प्रतिवेदनले जोड दिएको छ ।

## गुल्मीको कालीगण्डकीमा सिङ्गो...

...किबीका बिरुवा २०७७ सालमा दोलखाबाट प्रतिबिरुवा ३०० मा खरिद गरिएको थियो । पछि कालीगण्डकी गाउँपालिकाले पनि बिरुवामा अनुदान दिएको थियो । सिरकोटमा यस वर्ष सबै किसानको गरी २० लाखको किबी बिक्री हुने अपेक्षा गरिएको छ । किबीले सामान्यतया लगाएको कम्तीमा चार वर्षदेखि अधिकतम ३५ वर्षसम्म फल दिने गर्दछ । त्यसले गर्दा किसानलाई बिरुवा लगाइरहने झन्झट हुँदैन । "यस वर्ष उत्पादन राम्रो छ, हामीले पनि पालिकाका तर्फबाट सक्दो सहयोग गरेका छौँ", गाउँपालिका उपाध्यक्ष मञ्जुकुमारी दर्लामीले भनिन्, "किसानलाई बिरुवा, मल, बजारलगायत क्षेत्रमा हामी सहयोग गर्छौं ।" उनले सिरकोटलाई किबीको नमुना गाउँको विकास गर्ने लक्ष्य पालिकाले लिएकाले किसानको समस्यामा पालिकासँगै रहने बताइन् । किबीखेतीमा आकर्षित भएका किसानलाई राज्यकातर्फबाट राम्रो सहयोग मिलेको छ । सिँचाइका लागि जिल्लास्थित जलस्रोत तथा सिँचाइ विकास डिभिजन कार्यालयले दुई वटा पोखरी निर्माण गरेको छ । सिरकोट किबीखेती पोखरी जल पुर्नभरव योजनाबाट चालु आर्थिक वर्षमा सिँचाइ विकास डिभिजन कार्यालयले ७५ घनमिटरका ६५ हजार लिटर पानी अट्ने पोखरी निर्माण गरेको हो । आकाशे पानी र खेर गएको पानी पोखरीमा जम्मा हुनेछ भने खडेरीका बेला पोखरीबाट सिँचाइ हुनेछ । १० लाखमा निर्माण भएका पोखरीबाट किसानलाई धेरै राहत मिलेको छ । "कृषिजन्य सामग्रीको उत्पादन बढाउने लक्ष्य हो", कार्यालय प्रमुख भरत सापकोटाले भने, "कार्यालयका तर्फबाट जिल्लाभर कुलो, पोखरी लगायतका क्षेत्रमा काम गरिरहेका छौं ।" उनले सिरकोटका किसानको लोभलाग्दो मेहनत भएको पनि बताए । त्यसैगरी कृषि ज्ञान केन्द्रले पनि दुई वटा पोखरी बनाएको छ भने किबीका लागि आवश्यक पिल्लरमा अनुदान दिएको छ । त्यसैगरी गाउँपालिकाले पनि अहिलेसम्म दुई हजार ५०० बिरुवा अनुदानमा उपलब्ध गराएको छ । *-रासस*


लुम्बिनी प्रदेश सरकार
वन तथा वातावरण मन्त्रालय
वन निर्देशनालय
डिभिजन वन कार्यालय पाल्पा

## प्रस्ताब आह्वान सम्बन्धी सूचना

प्रकाशन मिति २०८२/०२/०५

यस कार्यालयको आ.व. ०८१/०८२ को स्वीकृत बार्षिक कार्यक्रम अनुसार **जडिबुटी विकास कार्यक्रम (संघ सशर्त अनुदान)** तर्फका तपसिल बमोजिमका क्रियाकलाप सामुदायिक तथा कबुलियति वन तथा निजी जग्गाहरुमा पकेट क्षेत्रको रुपमा जडिबुटी खेति बिस्तार कार्यक्रम कार्यान्वयन गर्नुपर्ने भएकोले निम्नानुसार उल्लेखित पालिका अन्तर्गतका ईच्छुक उद्यमी, सामुदायिक तथा कबुलियती वन उपभोक्ता समूह वा किसानले तपसिल बमोजिमको क्रियाकलाप सञ्चालन गर्न ईच्छुक वन समूह/संस्था/किसानले ३० (तिस) दिन भित्रमा तोकिएको ढाँचामा प्रस्ताव -पत्र पेश गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । रित नपुगि र म्याद नाघि आएका प्रस्ताब उपर कुनै कारबाही हुने छैन । प्रस्ताबको ढाँचा तथा बिस्तृत जानकारीका लागि यस कार्यालयमा सम्पर्क राख्न हुन सम्बन्धित सबैको लागि जानकारी गराईन्छ ।

**कार्यक्रम : जडिबुटी विकास कार्यक्रम (३२९९११२५४ संघ सशर्त अनुदान)**

| क.सं. | क्रियाकलाप (पकेट क्षेत्रमा जडिबुटी खेति बिस्तार) | कार्यक्रम कार्यान्वयन हुने पालिका र वडा | | | बजेट रु. लाखमा |
|---|---|---|---|---|---|
| | | रिब्दिकोट गा.पा. वडा नं. | माथागढी गा.पा. वडा नं. | तानसेन न.पा वडा नं. | |
| १ | टिमुर खेति बिस्तार | ६ को ठिमुरे | १,२,३,४ | ८,९,११ | ७.६८ (सात दशमलव अठसट्ठी) लाख |
| २ | तेजपात खेति बिस्तार | १ को खिया, २ को देउराली र ८ को फेकमा | १,२,३,४ | ९,११,१२,१४ | |

सिनियर डिभिजन वन अधिकृत



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।





कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:कैलाशनगर-५,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्धक : इन्द्रा भट्टराई, सम्पादक: रामचन्द्र रायमाझी, प्रधान सम्पादक: जगदीशप्रसाद भट्टराई